नेपाली राजदूतावास
Embassy of Nepal
주한네팔대사관

Ref No. :

# प्रेश विज्ञप्ति

**संविधानको विधेयकको पहिलो मस्यौदामा नेपाली नागरिकहरुबाट राय सुझाव:**

नेपालको निर्माणाधिन संविधानको विधेयकको पहिलो मस्यौदामा नेपाली जनताले आफ्ना राय सुझाव पेश गर्न सार्वजनिक सूचनाद्वारा नेपाल सरकारले आव्हान गरेको छ । यस महत्वपूर्ण अवसरबाट विदेशमा रहेका नेपालीहरु समेत वञ्चित नहोउन भन्ने अभिप्रायले नेपाल सरकारले विदेशस्थित नियोगहरु मार्फत आफ्नो लिखित वा मौखिक राय सुझाव पेश गर्न सकिने गरी अवसर प्रदान गरेको छ । साथै यसै सूचनामा दिईएको ईमेल ठेगानामा समेत राय सुझाव लेखी पठाउन सकिने गरी समेत व्यवस्था गरेको छ । संविधानको मस्यौदामा दिईने सुझाव साउन ५ गते तदनुसार २१ जुलाई २०१५ भित्र अनिवार्य रुपमा पठाईसक्नु पर्ने गरी समय सिमा तोकिएको छ ।

प्रस्तावित संविधानको मस्यौदामा दक्षिण कोरियामा रहेका सबै नेपालीहरुको सकृय सहभागिता रहोस् भन्ने उद्धेश्यले यस राजदूतावासले निम्न समय र स्थानमा एउटा अर्न्तकृया कार्यक्रमको आयोजना गर्ने भएको छ । उक्त अर्न्तकृया कार्यक्रममा कोरियामा रहेका व्यक्ति, समुह वा सबै पेशा, व्यवशाय, संघ संस्थाहरुसंग आवद्ध नेपाली नागरिकहरुलाई सहभागिताको लागि यसै सूचनाद्वारा आव्हान गरिएको छ । साथै यस सूचनालाई कोरियामा रहेका सबै संघसंस्थाहरु र अनलाईन मिडियाहरुले आ-आफ्नो वेबसाईटमा राखी प्रचार प्रशार गर्न सहयोग गरिदिनुहुन समेत अनुरोध गरिएको छ ।

अर्न्तकृयामा लिखित रुपमा प्राप्त सुझावहरु स्क्यान गरी र मौखिकरुपमा प्राप्त सुझावहरुलाई तोकिएको ढांचामा लेखबद्ध गरी पठाईने छ ।

संविधानको प्रस्तावित मस्यौदा अध्ययनको लागि संविधान सभाको वेबसाईट www.can.gov.np मा गई प्राप्त गर्न सकिने छ भने www.can.gov.np/draft मा सुझाव वा प्रतिकृया दिने तरिका उल्लेख गरिएको छ । ईमेल ठेगानाहरु comt.crcs@gmail.com र nparl.international@can.gov.np मार्फत पनि सुझाव वा प्रतिकृया पठाउन सकिने छ ।

**अर्न्तकृया हुने स्थान र समय:**

स्थान: नेपाली राजदूतावासको सभाकक्ष
मिति: आईतवार, १९ जुलाई २०१५
समय: अपरान्ह ३ वजे देखि ५ वजेसम्म

नेपाली राजदूतावास
सिओल, कोरिया
मिति: २८ आषाढ २०७२

नेपाली राजदूतावास सिओल